नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं

पत्र संख्याः-

चलानी संख्याः-

## प्रेस विज्ञप्ति

मिति २०८०/०१/०५ गते देखि काठमाण्डौमा सुरू भएको तीन दिने Sub-Regional Workshop on " Structural Transformation towards a Sustainable Graduation from Least Developed Country Category" आज मिति २०८०/०१/०७ गते सम्पन्न भयो। राष्ट्रिय योजना आयोग, एसिया तथा प्यासिफिक क्षेत्रका लागि संयुक्त राष्ट्र संघको आर्थिक तथा सामाजिक आयोग (United Nations Economic and Social Commission for Asia and the Pacific) र संयुक्त राष्ट्रसंघीय आवासीय संयोजकको कार्यालयले संयुक्त आयोजना रहेको उक्त कार्यशालामा नेपाल लगायत भुटान, जनगणतान्त्रिक बंगलादेश र गणतन्त्र माल्दिभ्सका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो। उक्त कार्यशालामा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. मीन बहादुर श्रेष्ठ, संयुक्त राष्ट्र संघका उपमहासचिव तथा ESCAP कार्यकारी सचिव H.E. Armida Salsiah Alisjahbana, दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठनका महासचिव H.E. Esala Ruwan Weerakoon, राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. राम कुमार फुयाल, राष्ट्रिय योजना आयोगका सचिव श्री केवल प्रसाद भण्डारी, साते प्रदेशका आर्थिक मामिला सचिवहरू, विभिन्न मन्त्रालयका उच्च स्तरीय पदाधिकारीहरू, ESCAP का कर्मचारीहरू, नेपालस्थित संयुक्त राष्ट्रसंघीय निकायहरुका प्रतिनिधिहरूले सहभागिता जनाउनुभएको थियो।

राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. मीन बहादुर श्रेष्ठले उद्घाटन सत्रमा आफ्नो स्वागत मन्तब्यमा Smooth Transition Strategy का लागि नीतिगत तथा संरचनागत सुधार अपरिहार्य रहेको विचार व्यक्त गर्नुभयो। सो अवसरमा उपाध्यज्यूले स्तरोन्नतिपश्चात् नेपालले हाल पाईरहेका Duty Free, Quota Free market access, Special and Differential Treatment लगायतका सहायताहरू गुमाउने हुँदा ती चुनौतीहरुलाई पार गर्न कार्यान्वयनयोग्य रणनीतिको आवश्यकता रहेको जानकारी गराउँनुभयो। नेपालका लागि संयुक्त राष्ट्रसंघीय आवासीय संयोजक Ms. Hanna Fikry Ahmed Singer Hamdy ले कार्यशालाको सम्पूर्ण सहभागीहरूलाई स्वागत गर्दै कार्यशालाको औचित्यमाथि प्रकाश पार्नुभयो। स्तरोन्नतिलाई आर्थिक पाटोबाट मात्र नभई समग्र सामाजिक विकाससँगै जनताको जीवनस्तर समेत उकास्नुपर्ने कुरामा प्रकाश पार्नुभयो। संयुक्त राष्ट्र संघका उपमहासचिव तथा ESCAP कार्यकारी सचिव H.E. Armida Salsiah Alisjahbana ले अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुन गईरहेकोमा नेपाल, भुटान र जनगणतान्त्रिक बंगलादेशलाई बधाई ज्ञापन गर्दै पूर्वाधाहरू विशेष गरी ऊर्जा, यातायात, सञ्चार, स्वास्थ्य र औद्योगिक क्षेत्रमा आवश्यक रुपान्तरणका लागि साथ दिनु हुने कुरा व्यक्त गर्नुभयो। दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठनका महासचिव H.E. Esala Ruwan Weerakoon ले स्तरोन्नतिमा साथ दिने साथै आवश्यक प्राविधिक सहायता प्रदान गर्ने आश्वासन व्यक्त गर्नुभयो।

उक्त कार्यक्रममा सन् २०२३ मा स्तरोन्नति हुन गईरहेको भुटान, सन् २०२६ मा स्तरोन्नति हुन गईरहेको नेपाल र जनगणतान्त्रिक बंगलादेशका प्रतिनिधिहरूले अतिकम विकसित मुलुकबाट स्तरोन्नतिका लागि भईरहेका

फोनः ०१-४२११०३२, ४२१११३२, ४२११००४, फ्याक्सः ०१-४२११७००, ईमेलः npc@npc.gov.np, वेबः www.npc.gov.np

नेपाल सरकार
# राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं

पत्र संख्याः-
चलानी संख्याः-

आ-आफ्ना प्रयासहरू तथा चुनौतीहरूका बारेमा प्रस्तुति गर्नुभएको थियो भने यस अघिनै स्तरोन्नति भईसकेको गणतन्त्र माल्दिभ्सका प्रतिनिधिले आफ्नो अनुभवहरू बताउनुभएको थियो। तीन दिवसीय कार्यशालामा आठ वटा सत्रहरू सञ्चालन भएका थिए। उक्त सत्रहरू विशेष गरी स्तरोन्नति पश्चात् संक्रमणकालीन अवस्थामा स्तरोन्नति हुने मुलुकहरूले आगामी दिनमा भोग्नुपर्ने चुनौतीहरू तथा सो का लागि चाल्नुपर्ने कदमहरूका सम्बन्धमा केन्द्रित रहेका थिए। सोही क्रममा सहभागी देशहरूले आ-आफ्नो तुलनात्मक लाभका लागि Trade Investment and Innovation (TNA) र Export Potential Map (EPM) लगायतमा Online Tools को प्रयोगात्मक अभ्यासहरू समेत गरेका थिए।

Countries with Special Needs Section, UNESCAP का प्रमुख Mr. Oliver Paddison, नेपालका लागि संयुक्त राष्ट्रसंघीय आवासीय संयोजक Ms. Hanna Fikry Ahmed Singer Hamdy, नेपालका लागि युरोपियन युनियनका राजदूत H.E. Nona Deprez, नेपालका लागि गणतन्त्र बंगलादेशका राजदूत H.E. Salahuddin Noman Chowdhury ले समापन सत्रमा आफ्नो मन्तव्य राख्नुभएको थियो। उक्त सत्रमा मन्तव्य व्यक्त गर्दै राष्ट्रिय योजना आयोगका सचिव श्री केवल प्रसाद भण्डारीले यो कार्यशालामा सिकेका सिकाईहरूलाई आगामी दिनहरूमा सरकार, निजी क्षेत्र, विकास साझेदारहरूले आफ्नो रणनीतिहरूमा समावेश गर्दै कार्यान्वयन गर्नुपर्ने बताउनुभयो। यसका साथै स्तरोन्नतिका लागि साना तथा मझौला उद्योगहरूको भूमिका विशेष रहने कुरामा समेत जोड दिनुभयो। राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. राम कुमार फुयालले नेपालको उत्पादन र उत्पादकत्व वृद्धिमा विशेष जोड दिनुभयो जसका लागि मानव पूँजीको विकास, प्रयोग र उचित व्यवस्थापनमा जोड दिनु भयो। यसका साथै पन्ध्रौं योजनाको समाप्ति र सोह्रौं योजनाको तयारीको क्रममा रहेको र उक्त सोह्रौं योजनामा स्तरोन्नति सम्बन्धी नीति तथा कार्यनीतिहरू समावेश गर्नुपर्ने, नेपालको निर्यात प्रवर्द्धनमा जोड दिनुपर्ने, लगानी प्रवर्द्धनका लागि आवश्यक रणनीतिहरू अवलम्बन गर्नुपर्ने लगायतका विषयहरू उल्लेख गर्नुभयो।

२०८०/०१/०६

मितिः २०८० बैशाख ७ गते, बिहीबार

डा. राम कुमार फुयाल
सदस्य तथा प्रवक्ता
राष्ट्रिय योजना आयोग

फोनः ०१-४२११०३२, ४२१११३२, ४२११००४, फ्याक्सः ०१-४२११७००, ईमेलः npc@npc.gov.np, वेबः www.npc.gov.np